# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र


**भाग-२** **खण्ड: ५** **संख्या :१५**

**पारित भएको मितिः २०८१/०१/१८**

**प्रकाशन मितिः २०८१/०१/२०**


# आरुघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०८१

आरुघाट गाउँपालिका, गोरखा

# आरुघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चिततताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न कार्यविधि निर्माण गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "आरुघाट गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)"गाउपालिका" भन्नाले आरुघाट गाउँपालिका सम्झनु पर्छ।

(ख)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष " भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ

(ङ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ भन्ने सम्झनु पर्छ।

(च) "परिषद" भन्नाले राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(छ) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना वा सञ्चालनमा रहेको बालगृह सम्झनु पर्छ ।

(ज) “बालक्लब वा बाल संस्था” भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले ऐनको दफा १० को आधारमा नियमावलीमा व्यवस्था भए अनुसार वा यस कार्यविधि बमोजिम स्थानीय तहमा दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(झ)"बालकोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि कार्यविधिको दफा २५ बमोजिम स्थानीय तहमा स्थापना गरिएको बालकोष भन्ने सम्झनु पर्छ।

(ञ )"बालबालिका" भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ट) “बाल सञ्जाल“ भन्नाले बालक्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।

(ठ)"मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ड)"विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(ढ) “समाजसेवी वा मनोविज्ञ” भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(ण)"बाल अधिकार समिति" भन्नाले गाउँपालिकामा गठित बाल अधिकार समिति सम्झनु पर्छ।

(त)"संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(थ)"सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य तथा सिद्धान्त

३.  **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् -

(क)पालिकामा बालमैत्री शासन, संरचना र बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्द्धन गर्ने।

(ख)बालबालिमाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

४।  **आधारभूत सिद्धान्तः बालबालिकाका मूलभूत मानव अधिकार तथा संरक्षणका लागि** देहायका सिद्धान्तहरू अवलम्बन गरिनेछ —

(क) **मर्यादापूर्ण जीवनको सम्मानः** बालबालिकाको प्रतिष्ठा तथा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसँग अन्तरभूत विषयको रूपमा व्यवहार नगर्ने ।

(ख) **सर्वाङ्गीण विकासको सुनिश्चितताः** प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउँदै तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने ।

(ग) **सहभागिता र अभिमतको सम्मानः** बालबालिकासँग सम्बन्धित विषयहरूमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा मूलतः आवश्यकताको पहिचान, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका कार्यक्रममा बालबालिकाको सहभागितालाई प्रोत्साहन गरी उनीहरूका भावना, अभिमत र विचार प्रकट गर्ने अवसर दिई सोको सम्मान गर्ने ।

(घ) **संरक्षणको सुनिश्चितताः** प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाई संरक्षण सुनिश्चित गर्ने ।

(ङ) **निर्विभेदताः** प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात-जाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र उनीहरुको उमेर सुहाउँदो व्यवहार गर्ने ।

(च) **बालबालिकाको सर्वोत्तम हितः** बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिने ।

(छ) **गोपनीयता कायम गरिने** बालबालिकाको भावी जीवनमा असर पर्ने कुनै पनि घटनामा बालबालिकाको व्यक्तिगत पहिचानसम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानुनबमोजिम अख्तियारप्राप्त अधिकारीबाहेक अन्यको पहुँचमा गोपनीयता कायम गरिनेछ । तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्याङ्कको रूपमा बालबालिका सम्बन्धी विविधीकृत तथ्याङ्क सरोकार वालालाई स्थानीय तहबाट प्राप्त हुनेछ ।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण, प्रचलन तथा सम्वर्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था

४. **बाल अधिकारको संरक्षणः** पालिका भित्रका बालबालिकाका अधिकारहरूको संरक्षण, प्रचलन तथा सम्वर्धनका लागि ऐनको दफा ६४ र ६५ बालबालिकाप्रतिको दायित्व निर्वाह गर्न दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य परिपालनाका लागि दफा ७७ बमोजिम गरिनेछ ।

५. **बाल अधिकारको संरक्षण र सम्वर्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः**

(क)पालिका भित्रका सबै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ ।

(ख)गभर्वती, सुत्केरी, नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सबै किसिमका सेवासुविधा र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भएनभएको पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरू गरी कानून र नीति बमोजिम बालबालिकाको स्वास्थ्य पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गर्नेछ ।

(ग)पालिकाभित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरूलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका लागि पहल गरिनेछ ।

(घ)प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार सहित), कुनै पनि किसिमका बालबालिकाविरूद्ध विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहारजस्ता कार्यहरू निषेध, पत्रुखाना निषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध लगायत लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई,

महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकुद र सामानको व्यवस्था गराइनेछ ।

(ङ)पालिका भित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्ने, गराइनेछ ।

(च)प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तिहरूको यथोचित वितरण र सोको अनुगमन गरिनेछ ।

(छ)प्रत्येक वडामा एक बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलकुद स्थान वा मैदानको व्यवस्था गरिनेछ।

(ज)कुनै पनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गर्नेछ।

(झ)प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई सहज देखिने गरी राख्ने र सोबमोजिम लागू गरिनेछ।

(ञ)बालबालिकाविरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रमका घटनाहरू रोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन र जोखिम अवस्थामा परेका (आधारभूत अधिकारबाट बञ्चित, एचआइभी एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि पालिकाले सहजीकरण गरिनेछ।

(ट)पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ठ)पालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ड)जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको

सकुशल उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ सँग समन्वय तथा सहकार्य गरिनेछ।

(ढ)बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ।

(ण)पालिका भित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमाविहीन, जोखिम अवस्थामा परेका, स्वास्थ र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

(त)बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम बालमैत्री स्थानीय तह घोषणा गर्न प्रयास गरिनेछ ।

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने:** पालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

७. **बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता:** बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने पालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी व्यवस्था मिलाइनेछ।

८. **बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध**: (१) पालिका भित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम एवम् बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६१ सम्मको व्यवस्था बमोजिम हुनेछ । तर, यस्तो व्यवस्था हुन नसक्ने अवस्था भएमा नजिकको पालिका वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालीन संरक्षणका लागि सिफारिस गरिनेछ।

## परिच्छेद - ४

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

९. **स्थानीय बाल अधिकार समितिको गठनः** (१) पालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बाल अधिकार समिति गठन हुनेछः-

(क) उपाध्यक्ष — अध्यक्ष

(ख) पालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य — सदस्य

(ग) माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना — सदस्य

(घ) बाल अधिकार फोकल शिक्षकमध्ये १ जना — सदस्य

(ङ) सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञमध्ये १ जना — सदस्य

(च) पालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जना — सदस्य

(छ) पालिका बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना — सदस्य

(ज) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट पालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना — सदस्य

(झ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी — सदस्य

(ञ) पालिका भित्रका अस्पताल वा स्वास्थ संस्थामध्ये पालिकाले मनोनयन गरेका एकजना प्रतिनिधि — सदस्य

(त) बाल कल्याण अधिकारी — सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (क), (च), (झ) र (ञ) बमोजिम बाहेकका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

१०. **स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क)समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख)बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न पालिकालाई सुझाव दिने,

(ग)पालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ)पालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ)पालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च)बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(छ)बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन पालिकाको स्वीकृतिमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ज)बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(झ)कार्यपालिकाको स्वीकृतिमा बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ञ)धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ट)विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(ठ)जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य प्रबन्धमा सहयोग गर्ने ।

११. **स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:** बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(१) समितिको बैठक कम्तीमा वर्षको कम्तिमा तीन पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य(सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च गाउँपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लब का प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि पालिकाको प्रचलित नियमानुसार हुनेछ ।

१३. **वडास्तरीय बाल अधिकार समितिः** (१) पालिकाले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने वडास्तरीय बाल अधिकार समिति गठन गर्न सक्नेछ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष १ जना - अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य -सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरुमध्ये १ जना -सदस्य

(घ) वालवालिका सम्बन्धि फोकल शिक्षकमध्ये १ जना -सदस्य

(ङ) चिकित्सक वा स्टाफ नर्स वा स्वास्थ्यकर्मीमध्ये १ जना -सदस्य

(च) वडाको बालबालिका इकाइ, शिक्षा इकाइ र स्वास्थ्य इकाइ भएमा इकाइ प्रमुख ३ जना - सदस्य

(छ) बालक्लब वा सञ्जालले तोकेको १ जना बालिकासहित २ जना -सदस्य

(ज) वडा भित्रका प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि -सदस्य

(च) बालबालिका वा बालन्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा १ जना

महिला सहित २ जना -
सदस्य

(छ) वडा सचिव -सदस्य-
सचिव

(२) उपदफा (१) को खण्ड (ख), (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(ङ) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको।

(३) उपदफा (२) मा जेसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरू तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन।

१४. **<u>वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढङ्गबाट निर्माण गर्ने।

(क)वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

(ख)वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन गर्ने गराउने ।

(ग)बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरू रायसहित न्यायिक समितिमा पठाउने ।

(घ)बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।

(ङ)वडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिकाविरूद्द हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने ।

(च)सार्वजनिक सुनुवाइमा बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने ।

(छ)वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने ।

(ज)वडामा रहेका बालक्लब र सञ्जालको सूची स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ।

(झ)बालबालिका सम्बद्ध अन्य कार्यहरु सम्पादन गर्ने ।

१५. **वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:** वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ:-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ५

## बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत र नियुक्ती सम्बन्धी व्यवस्था

१६. **बाल कल्याण अधिकारीको नियुक्तीः** (१) पालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी स्थानीय तहको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म पालिकाले बालबालिका सम्बन्धी ऐनको दफा ६१ को उपदफा १ तथा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८१ को उप-नियम ४ बमोजिम महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

१७. **बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८२ बमोजिम हुनेछ। साथै, बालबालिकासँग सम्बन्धित अन्य कार्यहरु पालिका र बाल अधिकार समितिको निर्देशानुसार सम्पादन गर्ने ।

१८. **समाजसेवी तथा बाल मनोविज्ञ सूचीकृत तथा नियुक्तीः** यी कार्यहरुको व्यवस्था बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८३ बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## वैकल्पिक हेरचाहको व्यवस्था

१९. **वैकल्पिक हेरचाहको व्यवस्थाः** (१) ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) एवम् दफा ६९ बमोजिम तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई बाल कल्याण समितिले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनेछ।

(२) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था नियमावलीको परिच्छेद-६ को नियम ५३, ५४, ५५, ५६, ५७, ५८, ६० र ६१ बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## बाल सहभागिता तथा बालक्लब एवम् संस्था सञ्चालन

२०. **बाल सहभागिताको अभ्यासः** (१) पालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथ सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरूको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गरिनेछ। पालिकाको आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सबै किसिमका बालबालिकाको (बालक, बालिका, सबै किसिमका अपाङ्गता, यौनिक अल्पसंख्यक आदि) सहभागिता सुनिश्चित गरिनेछ।

(२) बाल सहभागिता प्रवर्धनका लागि पालिकाले देहायका उपायहरू समेत अवलम्वन गर्नेछः

(क)बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ।

(ख)पालिकाभित्र विद्यालयहरूबीच तथा वडाहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला, आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी पालिका स्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(३) पालिकाले बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायले देहायका कार्यहरू गर्नमा रोक लगाउनेछः-

(क)बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराइनेछैन।

(ख)बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने कार्यमा रोक लगाउनेछ।

(ग)बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित न्याली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(घ)विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(ङ)परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ।

२१. **<u>बालक्लव वा संस्था दर्ता, सञ्चालन तथा नवीकरण, काम र कर्तव्य, खारेजी</u> लगायतका व्यवस्थाहरुः** (१) यी व्यवस्थाहरु बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद-२ बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जे सुकै लेखेको भए तापनि बालक्लब, बालसंस्था तथा बालसञ्जालले देहाय बमोजिमका कार्यहरू गर्न गराउन निषेध गरिएको छः-

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउन,

(ग) निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन तर प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) सिंगो परियोजना सञ्चालन गर्न वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्न,

(झ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न,

(ञ) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई स्थानीय बाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा पालिका वा विद्यालयले रोक लगाएका कार्यहरु गर्न गराउन।

२२. **बालक्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेलाः** (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लब वा संस्था र बाल सञ्जालको वडा, पालिकास्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा

लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनुपर्नेछ ।

## परिच्छेद - ८

## बालकोष सञ्चालन तथा व्यवस्थापन

२३. **बालकोषः** (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका लगायत हिंसा पीडित बालबालिकाको सहयोगार्थ पालिकास्तरमा एक बालकोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) पालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिकाविरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य आम्दानी

२४. **कोष सञ्चालक समितिः** (१) पालिकामा बालकोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बालकोष सञ्चालक समिति रहनेछःस

(क) अध्यक्ष, स्थानीय बाल अधिकार समिति - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) स्थानीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना - सदस्य

(ङ) बाल कल्याण अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

२५. **बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क)तत्कालीन समयमा पालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बालकोषमा जम्मा गर्ने, गराउने,

(ख)विशेष संरक्षणको आवश्यकता भएका र जोखिम अवस्थामा परेका र बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग)सहयोगको आवश्यकता भएका बालबालिकालाई मापदण्ड बनाई सहयोग गर्ने,

(घ)जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ङ)समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(च)बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ)कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ज)जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

२६. **बालकोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(१) आवश्यकता अनुसार संयोजकले तोकेको विषय, मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहित २४ घण्टाअघि सवै सदस्यहरुलाई सूचना दिनु पर्नेछ।

(३) ५० प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनरुथापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य-सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् ।तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

२७. **कोषको प्रयोग प्रयोजनः** (१) बालकोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ख) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

२८. **बालकोषको खर्चका सीमाः** (१) बालकोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

(क)हिंसापीडित बालबालिकालाई अधिकतम रू.१० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि ।

(ख)हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजारसम्म ।

(ग)जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. ५ हजारसम्म।

(घ)विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइनेछैन।

२९. **कोषको खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि पालिको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन।

३०. **कोषको लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९

## विविध

३१. **स्रोतको व्यवस्थापनः** पालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ।

३२. **<u>प्रोत्साहन पुरस्कारको व्यवस्था:</u>** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

३३. **<u>कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार:</u>** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार पालिकालाई हुनेछ।

३४. **<u>संशोधन गर्न सकिने:</u>** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

३५. **<u>खारेजी र बचाउ:</u>** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा गन्डकी प्रदेश सरकारको कानूनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको व्यवस्था मान्य हुनेछ।

३६. **<u>यसै कार्यविधि बमोजिम भए गरेको मानिने:</u>** पालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

## अनुसूची-१

## बालक्लब दर्ता प्रमाण(पत्र लिन दिइने निवेदनको ढाँचा

मितिः

श्री ........................... .......

........................ ।

**विषयः– बालक्बल वा संस्था वा सञ्जाल दर्ता सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा गोरखा जिल्लाको आरुघाट गाउँपालिका वडा नं........टोल ........ ........स्थित बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामी ........ जना सम्मिलित हुने गरी.................नामक बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ४ को उपनियम (१) बमोजिम उल्लेखित बाल क्लब वा संस्था/बाल सञ्जाल दर्ता गरिदिनु हुन अनुरोध छ ।

**संलग्न गरिएका कागजातहरु**

१. बालक्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण
२. बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
३. बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
४. बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

दस्तखत

नाम

पद

सम्पर्क नं

## अनुसूची-२

## संस्था/बालक्लब/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना

आरुघाट गाउँपालिका

गोरखा जिल्ला

गण्डकी प्रदेश

नेपाल

**<u>सूचीकृत/आवद्धता प्रमाणपत्र</u>**

आवद्धता नं.- मितिः-

श्री.......................................संस्था/बालक्लब/सञ्जाल

ठेगाना .......... ।

.................... जिल्ला ...........................पालिका ...... नं. वडाको
...................... विद्यालय/समुदायमा गठन
.......................संस्था/बालक्लब/सञ्जाललाई यस .......................... पालिकामा आवद्धता गरी बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद ....दफा .. ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

दस्तखतः

नाम :

पद :

## अनुसूची ४

## संस्था/बालक्लब/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

**निवेदन पत्रको ढाँचा**

मिति

श्री प्रमुखज्यू,

......पालिका

कार्यपालिकाको कार्यालय

.....................................।

**<u>विषयः- संस्था/बालक्लब/सञ्जाल सूचीकृत/आबद्धता गरी पाऊँ भन्ने बारे ।</u>**

महोदय,

हामीले .......................................... नामको संस्था/बालक्लब/सञ्जाल खोल्न चाहेकोले गाउँ सभाबाट स्वीकृत " बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद ... दफा ...ले गरेको व्यवस्था बमोजिम संस्था/बालक्लब/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित संस्था/बालक्लब/सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बालक्लब/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

निवेदक

अध्यक्ष

**बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची २ अनुसारको निवेदन

२) संस्था/बालक्लब/सञ्जालको विधान २ प्रति (संस्था/बालक्लब/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण, संस्था/बालक्लब/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण सहित)

३) बालक्लबको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लबको कार्यसमितिको बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि

# अनुसूची ५

## संस्था/बालक्लब/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा

## निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुखज्यू,

**......**पालिका

कार्यपालिकाको कार्यालय

.........................................

.......................................।

**विषयः- संस्था/बालक्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे ।**

महोदय,

................ जिल्ला ..................नगरपालिका ....... नं. वडा .......... स्थित ..............................विद्यालय/समुदायमा आधारित हाम्रो .................................... नामको संस्था/बालक्लब/सञ्जाल .............................. पालिका सभाबाट स्वीकृत " बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद ....दफा..... ले गरेको व्यवस्था" बमोजिम मिति..................मा दर्ता/सूचीकृत भै क्रियाशील रहदै आएको छ । हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं.......रहेको छ । यस सिलसिलामा बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद .....दफा..... ले गरेको व्यवस्था बमोजिम संस्था/बालक्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था/बालक्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, संस्था/बालक्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय

अध्यक्ष

संस्था/बालक्लब/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

१) अनुसूची .. अनुसारको निवेदन

२) संस्था/बालक्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरु

३) संस्था/बालक्लब/सञ्जालको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) संस्था/बालक्लब/सञ्जाल दर्ताको प्रतिलिपि

## अनुसूची ६

......... पालिका

........... जिल्ला

......... प्रदेश

### संस्था/बालक्लब/सञ्जाल सूचीकरणको दर्ता किताव

| क्र. सं. | संस्था/बालक्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लब/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुभ्mनेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची ७

....... पालिका

....... जिल्ला

........ प्रदेश

संस्था/बालक्लब/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताव

| क्र. सं. | संस्था/बालक्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लब/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसुची ८

## बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

**.....**पालिका

स्थानीय बाल अधिकार समिति

**<u>उजुरी निवेदन फारामको ढाँचा</u>**

मिति ......................

१. विद्यार्थीको नाम थर ..........................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा.................. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम ...................................................................

४. उमेर ..........................

५. लिङ्ग ................

६. गुनासो तथा घटना ........................................................................

७. घटना घटाउने व्यक्ति ..................................................................

८. घटनाको प्रकृति ................................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

..........................................................................................................
..........................................................................................................
..........................................................................................................
........................

निवेदकको दस्तखत

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत